# भूमे गाउँपालिका

## गाउँसभाको बैठकमा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक

### श्री सविना बुढाबाट प्रस्तुत

## आ.व. २०८३/०८४ को

## वार्षिक बजेट वक्तव्य

भूमे गाउँपालिकाको कार्यालय

खावाङबगर, रुकुम पूर्वि भाग

१० असाढ २०८३

# भूमे गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को वार्षिक बजेट वक्तव्य

**भूमे गाउँसभाका अध्यक्षज्यू,**

**गाउँसभा सदस्यज्यूहरु,**

**राष्ट्रसेवक कर्मचारी, पत्रकार तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु र आम भूमेबासी आमा बुवा, दाजु-भाई तथा दिदी-बहिनीहरु**

नेपालको संविधानको धारा २३० एवं स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ (१ ) बमोजिम भूमे गाउँपालिकाको गरिमामय गाउँ सभा समक्ष आगामी आर्थिक वर्ष २०८३/०८४ को आय/व्ययको अनुमानित बजेट प्रस्तुत गर्न पाउँदा मैले गर्वको महशुस गरेको छु ।

सर्वप्रथम, नेपालको आर्थिक, सामाजिक तथा राजनीतिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति सम्मान तथा आदरभाव व्यक्त गर्दछु ।

साथै, नागरिक सर्वोच्चता, स्वतन्त्रता, सुशासन, भ्रष्टाचार नियन्त्रण, आर्थिक रुपान्तरण र जनउत्तरदायि शासन प्रणाली स्थापनाको आकांक्षासहित भएको ऐतिहासिक जेन्जि आन्दोलन र विगतमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि भएका सम्पूर्ण आन्दोलन तथा सङ्घर्षहरुमा आफ्नो अमुल्य जिवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान् सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जलि व्यक्त गर्दछु ।

साथै, इतिहासका विभिन्न कालखण्डमा आन्दोलनका क्रममा वेपत्ता हुनुभएका नागरिक, घाइते तथा अपाङ्गता भएका योद्धा, शहिद परिवार एवम् राजनीतिक परिवर्तन र जनाधिकारका आन्दोलनमा अमुल्य योगदान पुर्याउनुहुने सम्पूर्ण आदरणीय देशबासी आमा बुवा, दाजु भाइ, दिदिबहिनीहरुलाई आदरपूर्वक स्मरण गर्न चाहान्छु ।

भूमे गाउँपालिका बासी नागरिकको हितलाई केन्द्रविन्दुमा राखी नेपालको संविधान, चालु आवाधिक योजना, दीगो विकास लक्ष्य, नेपाल सरकारको १०० बुँदे शासकीय सुधार सम्बन्धी कार्यसूचि, नेपाल सरकार, प्रदेश सरकार र भूमे गाउँपालिकाको आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य उद्देश्य, मध्यमकालीन खर्च संरचना, भूमे गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमलाई आधार मानि यो बजेट तर्जुमा गरेको छु ।

यस बजेटले गाउँपालिकाको संस्थागत सुदृढीकरण, सहज एव गुणस्तरीय सेवा प्रवाह, सुशासन अभिबृद्धि, तथा नागरिक सन्तुष्टि कायम गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई थप सवल बनाउन टेवा पुर्याउने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय,**

सुशासन, सामाजिक न्याय र समृद्धिको माध्यमबाट भूमे गाउँपालिकाको सर्वपक्षिय विकासलाई समानुपातिक तथा न्यायोचित वितरणको माध्यमबाट जनताको घर आगनसम्म पुर्याउनेतर्फ समग्र बजेट तथा कार्यक्रमलाई लक्षित गरेको छु ।

**सफा र हरियालीः समृद्ध भूमे** निर्माण गर्ने दीर्घकालीन सोंच सहित भूमे गाउँपालिकालाई समुन्नत गाउँपालिकाको रुपमा विकास गर्न समृद्धिका आधार र आयामहरु समेटेर सन्तुलित र योजनावद्ध विकास गर्ने गरी  राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता, आवधिक योजना, अन्तर्राष्ट्रिय प्रतिवद्धता, गाउँपालिकाको आवधिक योजना र एकीकृत गुरुयोजनाले निर्दिष्ट गरेको दीर्घकालीन सोँच, लक्ष्य र उद्देश्य प्राप्तिमा केन्द्रित गरी बजेट तथा कार्यक्रमलाई लक्षित गरेको छु।

प्रस्तुत बजेट कृषि क्षेत्रको विकास गर्दै कृषकको आय- आर्जनमा वृद्धि गर्ने, शिक्षाको गुणस्तर सुधार, स्वास्थ्य क्षेत्रमा सेवा विस्तार तथा स्तरोन्नतीमार्फत नागरिकलाई गुणस्तरीय  स्वास्थ्य सेवा उपलब्ध गराउने, आधारभूत पूर्वाधारको विकास, पर्यटन प्रवर्द्धन मार्फत स्थानिय अर्थतन्त्रमा टेवा पुर्याउने, उद्यम विकासमार्फत स्थानीय रोजगारी प्रवर्द्धन गर्दै गरिबी न्यूनिकरण गर्ने तथा स्रोत साधनको प्रभावकारी परिचालन गर्दै सार्वजनिक सेवाका नविनतम अवधारणाहरुलाई आत्मसाथ गरी गुणस्तरीय सेवा प्रवाह गर्नेतर्फ केन्द्रित छ ।

यो बजेट तर्जुमा गर्दा नागरिकको अपेक्षा र आकांक्षालाई सम्बोधन गर्दै स्थानीय अर्थतन्त्रमा देखिएका समस्या तथा चुनौतिहरुको समाधान गरी आम नागरिकहरुमा समुन्नतीको आशा र भरोषा संचार गर्ने जिम्मेवारी बोध गरेको छु । यसका लागि सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारी संयन्त्र, राजनितिक दल, निजि क्षेत्र, नागरिक समाज, विकास साझेदार, गैर सरकारी संस्थाहरु, सामाजिक संस्थाहरु, विदेशमा रहनुभएका नेपालीहरु, शैक्षिक व्यक्तित्व, संचार जगत र आम भूमेली नागरिकहरुको सहयोग, साथ, समर्पण, सहभागिता, र ऐक्यबद्धताबाट विद्यमान समस्या तथा चुनौतिको सामना गर्दै बजेटले लिएको लक्ष्य हासिल गर्न सकिनेमा विश्वस्त छु ।

**सभाका अध्यक्षज्यू**

स्थानीय तह निर्वाचन, २०७९ पछि गठित स्थानीय सरकारको दोस्रो कार्यकालको चौथो वर्ष पुरा भइ पाँचौ वर्षमा प्रवेश गरेको छौ। यस अवधिमा गाउँपालिकाले सामाजिक, आर्थिक तथा भौतिक क्षेत्रमा उल्लेख्य उपलब्धिहरु हासिल गरेको छ जसको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

कार्यकालको सुरुवात देखी नै हामिले सार्वजनिक सेवा प्रवाहलाई जनमुखी, जवाफदेही, पारदर्शि समावेशी तथा जनसहभागितामुलक बनाइ त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन कानूनको शासन, भष्ट्राचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल

व्यवस्थापन जस्ता असल शासनका आधारभुत मान्यतालाई आत्मसाथ गरी सुशासनयुक्त गाउँपालिका निर्माण गर्नतर्फ हामी निरन्तर लागिरहेका छौ ।

गाउँपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार, वातावरणीय, विपद् जोखिम न्यूनिकरण, वातावरण संरक्षण र समग्र संस्थागत विकासका लागि आवश्यक नीतिगत तथा संस्थागत पूर्वाधारहरु तयार गरी सन्तुलित विकासलाई जोड दिएका छौ।

विकासका गतिविधिमा समन्यायिक वितरण र सबै नागरिकको सहभागितालाई केन्द्रविन्दु बनाइएका छौ। गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्दै समग्र मानव विकासको पक्षमा जोड दिएका छौ ।

विभिन्न तह, निकायसँगको साझेदारीमार्फत सन्तुलित, समन्यायिक र समावेशी विकासलाई जोड दिइएका छौ। स्थानीय उत्पादनमा वृद्धि, उद्यमशिलता र बजारीकरणको क्रमिक विकासमार्फत रोजगारी सिर्जना र आर्थिक विकासमा जोड दिएका छौ ।

प्रशासनिक सेवा छिटो, छरितो र प्रभावकारी ढङ्गले प्रवाह गर्न प्रविधिको भरपुर प्रयोग गर्ने व्यवस्था मिलाइएका छौ। नियमित कार्यसम्पादनका लागि उपलब्ध जनशक्तिलाई उच्च मनोबलयुक्त, दक्ष, सीपयुक्त र कार्यजिम्मेवारी प्रति समर्पित बनाउने प्रयास गरेका छौ।

पोषणमैत्री स्थानीय शासन, बालमैत्री स्थानीय शासन, युवा मैत्री स्थानीय शासन, वातावरणमैत्री गाउँपालिका, लैंगिक तथा जातीय विभेदमुक्त गाउँपालिका, वाल श्रममुक्त गाउँपालिका, पूर्ण खोपयुक्त गाउँपालिका, सरसफाइ उन्मुख गाउँपालिका, डिजिटल गाउँपालिका निर्माण जस्ता अभियानमुखी कार्यक्रम सञ्चालन गरी समृद्ध गाउँपालिका निर्माणमा निरन्तर लागिरहेका छौ ।

**गाउँसभा सदस्यहरु,**

गएको ४ वर्षमा गाउँपालिकाले क्षेत्रगत रुपमा हासिल गरेका मुख्य उपलब्धिहरुको समिक्षा प्रस्तुत गर्न अनुमति चाहान्छु ।

**आर्थिक विकासः** नमुना कृषि गाउँ विकास कार्यक्रम, कृषि उपजको बजारीकरणका लागि सहकारी समन्वय, भूमे गाउँपालिका वडा नं. ४ र ८ मा ग्राभिटि गुड्स रोपवे निर्माण, लसुन र आलुको अर्ग्यानिक प्रमाणिकरण, आलु पकेट क्षेत्रको विस्तार, गाउँपालिकाभित्र रहेको करिव ३३ हजार पशु चौपायालाइ खोप, नश्ल सुधारका लागि पशुहरुमा कृत्रिम गर्भाधान कार्यक्रम, ५५ जना किसानलाइ ५५ वटा मिनि टिलर, ८२ जना किसानलाइ ४९६ वटा मौरी घार वितरण गरिएको छ । मागमा आधारित कृषि तथा पशु विकास कार्यक्रम अन्तर्गत ३०० जना किसानलाइ साना सिंचाइ, प्लाष्टीक टनेल निर्माण, बगैचा निर्माण, कृषि सामाग्री, खोर तथा गोठ सुधार, नश्ल सुधारका लागि उन्नत जातका राँगो तथा बोका वितरणमा ५० प्रतिशत अनुदान उपलब्ध गराइएको छ । भूमे गाउँपालिकाका अगुवा कृषकहरुलाइ

समावेश गरी गाउँपालिकास्तरीय कृषि सञ्जाल गठन गरी उनिहरुको व्यवसायिक क्षमता विकास गर्न अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिएको छ। कषि पूर्वाधार विकासतर्फ भूमे ३ रतुवामारेमा चिस्यान केन्द्र, भूमे ६ महतमा रष्टिक सेन्टर र कृषि उपज संकलन केन्द्र, भूमे ८ मा कृषि उपज संकलन केन्द्र, कृषि जैविक विविधता तथा रैथाने वाली संरक्षण र सम्वर्द्धनका लागि भूमे २ खावाङबगर र भूमे ३ झुम्लावाङमा सामुदायिक विउ बैङ्क निर्माण कार्य सम्पन्न भएको छ ।कृषि तथा पशुपंक्षि विकास सम्बन्धी सेवालाई नागरिकको घरदैलोमा पुर्याउने प्रयास स्वरुप कृषि तथा पशु प्राविधिकहरुलाइ वडा स्तरमै खटाइएको छ ।

परम्परागत, घरेलु तथा कुटिर उद्दोग स्थापना तथा सञ्चालन गर्न आरन सुधार कार्यक्रम, विद्युतिय घट्ट, भूमे सावुन उद्योग ढुवानीमा अनुदान, फ्रेस हाउस सञ्चालनमा अनुदान सहयता प्रदान गरी उद्यमशिलता प्रवर्द्धनमा जोड दिएका छौ ।लघु उद्यम विकास कार्यक्रम र शहिद धनमाया श्रेष्ठ लघु उद्धम विकास कार्यक्रममार्फत २०० .नयाँ उद्यमि लाई तालिम प्रदान गरिएको छ ।

**सामाजिक विकासः** ग्रामिण आँखा उपचार केन्द्र स्थापना गरी ३१० जना आँखाका विरामीहरुलाई सेवा प्रदान गरिएको छ । एकीकृत घुम्ति शिविर तथा स्वास्थ्य सेवा शिविर मार्फत रोगहरुको स्क्रिनिङ गर्ने कार्य नियमित भइरेको छ । ६०० जना गर्भवति तथा सुत्केरी महिलाहरुलाई आइरन तथा फालिक एसिड चक्कि र ९५२ जना संस्थागत सुत्केरी आमाहरुलाई पोषण झोला निशुल्क वितरण गरिएको छ ।नियमित रुपमा पूर्ण खोपयुक्त गाउँपालिका सुनिश्चितता गरिएको छ । सुत्केरी सेवा प्रवर्द्धन तथा विपन्न नागरिक लागि निशुल्क एम्बुलेन्स सेवा अन्तर्गत ३०० गर्भवति सुत्केरी तथा विपन्न नागरिकहरुलाई सेवा प्रदान गरिएको छ ।घाइते अपाङ्गता भएका व्यक्ति, द्धन्द्धपिडित, दिर्घरोगी लगायत विपन्न २०३४ परिवारका ५७५३ जना व्यक्तिहरुलाई निशुल्क स्वास्थ्य विमा आवद्ध गरिएको छ । ९७ जना विरामीलाई १ लाख बराबरको उपचारमा सहुलियतका लागि विपन्न उपचार सिफारिस, ८ जनालाई २ लाख र ४९ जना कडा खालका रोग लागेका विरामीहरुलाई मसिक रु. ५ हजार उपचार भुक्तानी दिइएको छ ।

यूवाहरुको प्रतिभा पहिचानका लागि भूमे कप, जुनियर भुमे कप, राष्ट्रपति रनिङ शिल्ड, गुरिल्ला म्याराथन प्रतियोगिता जस्ता कार्यक्रमहरुलाई पालिका, वडा र क्लवहरुद्धारा नियमित सञ्चालन गरिएको छ ।

४० जना द्धन्द्धपिडित, घाइते तथा अपाङ्गता भएका विपन्न महिलाहरुलाइ, ५० जना सुनौला हजारका दिनका विपन्न महिलाहरुलाई र ७५ जना विपन्न महिलाहरुलाई जिविकोपार्जन सुधारका लागि अनुदान दिइएको छ ।

**पूर्वाधार विकासतर्फः** गाउँपालिकाभरी संघ, प्रदेश सरकार र स्थानीय तहको सरकार्य र साझेदारीमा ५० किमि सडक ट्र्याक खोल्ने कार्य सम्पन्न भइ गाउँपालिकाका सबै वस्तिहरु सडक सञ्जालमा जोडिएका छन ।५ वटा मोटरेवल पक्कि पुल, ७ वटा कल्भर्ट, ९ वटा झोलुङ्गे पुल निर्माण भएका छन ।

प्रदेश सरकार र गाउँपालिकाको सहकार्यमा ३६५२ घरधुरी, गोर्खा वेलफेयर ट्रष्टद्धारा ५३६ घरधुरी र गाउँपालिकाको आफ्नै स्रोतबाट नाम्फु वस्तिमा ४१ वटा घरधुरीमा एक घर एक धारा निर्माण सम्पन्न भएको छ ।फोहोरमैला व्यवस्थापनका लागि ९ वटा वडाका १८ वटा वस्तिहरुमा ढल निकास तथा वस्ति विकासका कार्यहरु सञ्चालन भएका छन ।

गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ । वडा नं. १, ७ र ९ का वडा कार्यालय भवन निर्माण सम्पन्न भइ सेवा प्रवाह सुचारु गरिएको छ । ३, ५ नं. वडा कार्यालय भवन निर्माण चरणमा रहेका छन ।अन्य वडा कार्यालय भवनहरु निर्माणका आधार तयार भएका छन् ।आधारभुत स्वास्थ्य सेवामा नागरिकको पहुँच स्थापित गर्न ४ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्र र ५ वटा सामुदायिक स्वास्थ्य इकाई, ३ वटा गाउँघर तथा खोप क्लिनिकको भौतिक पूर्वाधार निर्माण सम्पन्न भएको छ । स्वास्थ्य मन्त्रालयको मापदण्ड अनुसार काँक्रि स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाइ कुचिवाङको भौतिक पूर्वाधार निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।विद्यालय शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन विद्यालय पूर्वाधार निर्माण अन्तर्गत २७ वटा विद्यालय भवनमा १३९ वटा कक्षाकोठा निर्माण कार्य सम्पन्न भएको छ ।

**वन, वातावरण तथा विपद व्यवस्थापनः** विपद जोखिम न्युनिकरण तथा प्रतिकार्य योजना तर्जुमा गरी जलवायु परिवर्तनका असर र प्रभावहरुको मुल्याङ्कन गर्दै समग्र गाउँपालिकाको स्थानीय अनुकुलन योजना निर्माण भएको छ । विपद जोखिम न्युनिकरणका लागि आवश्यक पूर्व सूचना प्रणाली, सामाग्रीगत र जनशक्तिगत व्यवस्था मिलाइएको छ ।लक्षित वर्ग पहिचान तथा उत्थानका कार्यक्रम सञ्चालन भएका छन् ।

**सुशासन तथा संस्थागत विकासः** जनप्रतिनिधि र कर्मचारीहरुलाई कानून निर्माण, सार्वजनिक खरिदसम्बन्धी तालिममार्फत क्षमता विकास कार्यक्रम सञ्चालन भएका छन।कार्यालयको कार्यवोझ र सेवाको प्रकृतिलाई सन्तुलन गर्न संघीय र प्रदेश सरकारको मापदण्ड र पालिकाको धान्न सक्ने क्षमता अनुसार नयाँ संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने कार्य सम्पन्न भएको छ ।

सूचना प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रवाहलाई सहज र पारदर्शि बनाउन गाउँपालिका, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था लगायतका गाउँपालिका अन्तर्गतका कार्यालयमा प्रविधिको जडान तथा प्रयोग गरिएको छ ।डिजिटल गाउँपालिका रुपान्तरण अभियान अन्तर्गत गाउँपालिकाको डिजिटल रणनीति तयार भइ कार्यान्वयनमा गएको छ ।

राजश्व संकलन, विनियोजन कुशलता, कार्यान्वयन दक्षतामार्फत वित्तीय सुशासन कायम गरी सुचना तथा प्रविधिको भरपुर प्रयोगमार्फत स्थानीय तह मुल्याङ्कनका सूचकहरुमा अव्वल सावित भएको छ ।

**सभाका अध्यक्षज्यू,**

अब म गाउँपालिकाको विद्यमान आर्थिक स्थिति र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समिक्षा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

चालु आर्थिक वर्षको हालसम्म स्थानीय सञ्चित कोषमा नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रु. १० करोड ३६ लाख १२ हजार ८ सय ५०, सशर्त अनुदान चालु वापत रु. १८ करोड ५९ लाख ९० हजार र सशर्त अनुदान पूँजीगत वापत रु.२ करोड १८ लाख, समपूरक अनुदान वापत ८६ लाख, विशेष अनुदान वापत रु. १ करोड २३ लाख ७५ हजार प्राप्त भएको छ ।

प्रदेश सरकारबाट समानीकरण अनुदान वापत रु. ७७ लाख ८१ हजार ८१, सशर्त अनुदान वापत रु. ७४ लाख, विशेष अनुदान पुजिगत वापत रु. २० लाख र समपूरक अनुदान वापत रु. ७५ लाख प्राप्त भएको छ ।

नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँडबाट रु. ९ करोड १८ लाख ५८ हजार ८ सय ९०, प्रदेश सरकारबाट सवारी साधन कर राजस्व बाँडफाँडबाट रु. ९१ लाख ६८ हजार ३ सय १५, राजश्व वाँडफाँड स्थानीय घरजग्गा रजिष्ट्रेशन शुल्कवाट ७ लाख ६० हजार ४ सय ४९ र आन्तरिक आयतर्फ रु. ६५ लाख ४९ हजार ९ सय १५ रुपैयाँ जम्मा भएको छ ।

गत आर्थिक वर्षबाट बचत भई सञ्चित कोषमा मौज्दात रहेको रु १करोड ७२ हजार ९ सय ६५ गरी **कुल ४६ करोड ५३ लाख ९६ हजार ४ सय २१ रुपैया प्राप्त भएको छ ।**

खर्चतर्फ स्थानीय सञ्चित कोषबाट चालुतर्फ रु. २४ करोड ५६ लाख ९१ हजार ५ सय ७० रुपैयाँ र पूँजीगततर्फ रु. ७ करोड ९७ लाख ७७ हजार २ सय ७ गरी कूल **३२ करोड ५४ लाख ६८ हजार ७ सय ७७ रुपैया** खर्च भइ १३ करोड ९९ लाख २७ हजार ६ सय ४४ रुपैया स्थानीय सञ्चित कोषमा मौज्दात रहेको छ । **कुल विनियोजनको ६३.७१** प्रतिशत खर्च भएको व्यहोरा सभाका अध्यक्षजू समक्ष जानकारी गराउन चाहान्छु ।

**सभाध्यक्ष महोदय,**

आगामी आर्थिक वर्षहरुमा गाउँपालिकाको समुन्नतिका लागि सामाजिक न्याय सहितको दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्न लगानी तथा त्यसको उत्पादकत्व बढाउनु पर्नेछ। सरकारी, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहकार्यबाट यो लक्ष्य हासिल गर्नुपर्नेछ। बजेट खर्च लाई प्रतिफलमुखी बनाउँदै पूजीगत खर्च गर्न सक्ने क्षमता र पूँजीगत खर्चको गुणस्तर बढाउन प्रभावकारी बजेट कार्यान्वयनमा जोड दिनुपर्नेछ । यो बजेट तथा कार्यक्रम यी विषयहरुलाई सम्बोधन गर्नेतर्फ लक्षित भएर प्रस्तुत गरिएको छ।

**सभाअध्यक्षज्यू,**

विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासनका लागि प्रतिवद्ध राजनीतिक संयन्त्र, व्यवसायिक कर्मचारीतन्त्र र सहयोगी समाजको सहयोगमा पालिकामा उपलब्ध प्राकृतिक तथा मानवीय लगायत सबै प्रकारका स्रोत तथा साधनको कुशलतापूर्वक परिचालन र उपयोग गर्दै सुशासन, विकास र समृद्धिमार्फत नागरिकको जीवनस्तरमा सकारात्मक एवं गुणात्मक परिवर्तन र समृद्ध पालिका निर्माण गर्ने सम्भावना हामीसँग छ ।

यस्ता सम्भावनाहरुलाई मूर्तरुप दिन यस गाउँपालिकाको समग्र आर्थिक परिदृष्यमा देखिएका मूलभूत चुनौतिहरु यस प्रकार प्रस्तुत गरेको छुः

**स्रोत व्यवस्थापन तथा खर्च प्रणालीमा सुधारः**

वित्तीय हस्तान्तरण अन्तर्गतका अनुदानहरु सिलिङ अनुसार प्राप्त नहुँदा विकास निर्माणका कार्यहरुमा स्रोत व्यवस्थापनमा परेको चाप कम गर्नु।साथै चालु खर्चलाई वाञ्छित सिमाभित्र राखी पुजिगत खर्च बढाउनु।

**आन्तरिक उत्पादन र उत्पादकत्व वृद्धिमार्फत आर्थिक विकास गर्नुः**

स्थानीय माटो र हावापानी सुहाउँदो आन्तरिक उत्पादनमा बृद्धि गर्नु, उत्पादित वस्तुको उचित बजार व्यवस्थापनका माध्यामबाट आन्तरिक तथा बाह्य बजार सुनिश्चित गर्नु चुनौति रहेको छ।

**बजेट कार्यान्वयन क्षमतामा वृद्धिः**

गाउँपालिकाभित्र सञ्चालन हुने विकास आयोजनाहरुको न्यून व्यवस्थापकीय क्षमता, निर्माण व्यवसायी र उपभोक्ता समितिको कमजोर वित्तीय र प्राविधिक क्षमता, कानूनी, नीतिगत र प्रक्रियागत जटिलताका कारण आयोजनाहरु तोकिएको समय सिमाभित्र सम्पन्न हुन नसक्ने तथा आयोजना कार्यान्वयनमा संलग्न सरोकारवालाहरुको काम गर्ने उत्साहमा कमी, नतिजा प्राप्तिप्रतिको उदासिनता र समग्र मानवीय क्षमताको कमीका कारण कार्यान्वयन क्षमता कमजोर देखिन्छ। स्थानीयस्तरमा दक्ष र सीपयुक्त जनशक्ति उत्पादन, आपसी समन्वय र प्रभावकारी अनुगमन प्रणालीको विकास गरी लक्ष्य बमोजिम कार्यसम्पादन गर्नु चुनौतिपूर्ण छ।

**सार्वजनिक निर्माणको गुणस्तरीयता र संरक्षणः**

सार्वजनिक निर्माण कार्यको सुक्ष्म सुपरिवेक्षण, निर्माण व्यवसायीहरुको कमजोर क्षमता र सघन अनुगमनको अभावमा निर्माण भएका संरचनाहरु छोटो समयमा नै जीर्ण र लथालिङ्ग हुने गरेका छन्। सार्वजनिक निर्माणको गुणस्तर कमजोर रहेको अवस्थामा यसमा सुधार गरी सार्वजनिक निर्माणको गुणस्तर

वृद्धि गर्नुपर्ने र दोहोरो खर्च रोक्नुपर्ने र निर्मित सार्वजनिक सम्पतीको उचित उपयोग र संरक्षण कार्य चुनौतिपूर्ण छ।

**आर्थिक तथा सामाजिक विकास गर्नुः**

आम नागरिकको जीवनस्तर माथि उकास्न शिक्षा, स्वास्थ्य, सरसफाई, रोजगारी क्षेत्रमा आमूल परिवर्नत नभएसम्म वास्तविक विकासको आभास नहुने भएकाले मानव विकास सूचकाङ्कमा पछि परेको पालिकाबासीको चिन्तन, जीवनशैली, शिक्षा स्वास्थ्यमा गुणस्तर ल्याउनु र रोजगारी सृजना गर्नु चुनौतिपूर्ण छ ।

**स्थानीयस्तरमा रोजगारी सृजनामार्फत गरिबी न्यूनिकरणः**

स्थानीयस्तरमा उद्यमशिलताको विकास गरी रोजगारी सिर्जनामार्फत गरिबी न्यूनिकरण गर्नु चुनौति रहेको छ ।

**औपचारिक अर्थतन्त्रको विकासः**

आर्थिक क्षेत्रको ठूलो हिस्सा औपचारिक क्षेत्रभन्दा बाहिर रहेको कारण अर्थतन्त्रको वास्तविक पहिचान गर्न गाह्रो छ। बैंक तथा वित्तीय संस्थाहरुको स्थापना हुन नसकेको अवस्थामा सबै आर्थिक कारोवारहरुलाई औपचारिक दायरामा ल्याई आर्थिक कारोबारहरु बैकिङ प्रणाली मार्फत् गर्ने कार्य चुनौतिपूर्ण छ।

**सूचना तथा सञ्चार प्रविधिको विकासः**

गाउँपालिकाभित्रका सबै जनताले सूचना तथा सञ्चारमा सहज रुपमा पहुँच स्थापित गर्नका लागि आवश्यक सूचना तथा सञ्चार प्रविधिहरुको पूर्वाधारहरुको निर्माण र निजी क्षेत्रलाई आकर्षण गर्ने कार्य पनि चुनौतिपूर्ण छ।

**सुशासन अभिवृद्धिः**

सबै वर्ग क्षेत्रको अर्थपूर्ण सहभागिता, कानूनको परिपालना, सेवा प्रवाहमा प्रभावकारिता, सुदृढ र सक्षम संस्थागत सुशासन कायम गरी सेवा प्रवाहमा प्रभावकारीता ल्याउने तथा व्यवसायिक कर्मचारीतन्त्र र सहयोगी समाजको निर्माण गर्ने कार्य चुनौतिपूर्ण छ।

**योजना संशोधन तथा रकमान्तरः**

आर्थिक वर्षको मध्य अवधि नसकिदै वा बारम्बार योजना संशोधन, बजेट रकमान्तर हुने प्रवृत्ति रोक्नु चुनौतिपूर्ण छ ।

**सभाअध्यक्ष महोदय,**

विद्यमान अवसरहरुको सदुपयोग र चुनौतिहरुको सामना गर्ने गरी आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम तयार गरिएको छ। यो बजेटका उद्देश्यहरु यसप्रकार प्रस्तुत गरेको छुः

१. दिगो उत्पादन, रोजगारी र आयआर्जनमा वृद्धि गरी दिगो आर्थिक विकास गर्नु,
२. गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा सहज रुपमा उपलब्ध गराइ मानव विकास गर्नु,
३. दिगो र विपद प्रतिरोधी भौतिक पूर्वाधारहरुको विकास तथा विस्तारमार्फत सुरक्षित संरचना र संस्थागत विकासमा जोड दिने,
४. समतामूलक, सामाजिक न्यायपूर्ण सभ्य समाजको निर्माण र सरकारको प्रभावकारिता अभिवृद्धि गरी सुशासन प्रवर्द्धन गर्ने,
५. कृषि, उद्योग, पर्यटन र सेवा क्षेत्रहरुमा उत्पादन तथा रोजगारी वृद्धि गरी गरिबी न्यूनीकरण गर्ने,
६. स्रोत र साधनको अधिकतम उपयोग र प्रभावकारी परिचालन गरी आत्मनिर्भर अर्थतन्त्रको विकास गर्दै सन्तुलित विकास गर्नु,
७. सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय,पारदर्शि र सर्वशुलव बनाइ सेवा प्रवाहमा नागरिकको पहुँच सुनिश्चित गर्नु ।

यी उद्देश्यहरु हासिल गर्नको लागि आर्थिक वर्ष २०८३/०८४ को बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरिएको छः

१. गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई,
२. स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारण
३. कृषि, पर्यटन, उद्योग तथा मानव संशाधन
४. अन्तरसम्बन्धित पूर्वाधार विकास र पूँजी निर्माण
५. घरेलु तथा साना उद्योग प्रवर्द्धनबाट उत्पादन र उत्पादकत्व वृद्धि र बजारीकरणमा जोड,
६. पर्यटन पूर्वाधारको विकास तथा प्रवर्द्धन, जलविद्युत उत्पादन, उद्योग स्थापना लगायतका क्षेत्रमा सरकारी, निजी र सहकारी क्षेत्रको लगानी आकर्षण तथा रोजगारी प्रवर्द्धन
७. विपद् व्यवस्थापन, वन तथा भू—संरक्षण, जलवायु परिवर्तन अनुकूलन
८. संस्थागत विकास तथा शासकीय सुधारमार्फत विधिको शासन, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता र विकासमा नागरिकको जनसहभागिता सहितको सुशासनमा जोड,

**सभाध्यक्ष महोदय,**

अब म यिनै चुनौति, उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्ष २०८३/०८४ को व्ययको अनुमान यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु।

१. नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान, राजस्व बाँडफाँड वापत प्राप्त हुने रकम, आन्तरिक आयबाट प्राप्त हुने रकमलाई अनिवार्य दायित्व, क्रमागत आयोजना, पालिकास्तरीय आयोजना र वस्तीस्तरबाट माग भएका वडास्तरीय आयोजनाहरुमा खर्च गर्ने गरी विनियोजन गरेको छु ।

२. संघीय तथा प्रदेश सरकारबाट पूर्वाधार विकास, शिक्षा स्वास्थ्य, कृषि पशुसेवा, महिला विकास, श्रम तथा रोजगारी, यूवा तथा खेलकुदका लागि तय भइ आएका सशर्त अनुदान र विशेष अनुदानका रकम सोही रुपमा खर्च गर्ने गरी विनियोजन गरेको छु ।

३. नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त समपूरक अनुदानतर्फको रकम माग बमोजिमका योजनाहरुमा खर्च गर्ने गरी विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म मुख्य मुख्य क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव पेश गर्ने अनुमति चाहन्छु।

१. गाउँपालिकाकै गौरबको आयोजनाको रुपमा रहेको प्रशासनिक भवन आगामी आर्थिक वर्षमा निर्माण सम्पन्न गर्न आवश्यक पर्ने बजेट विनियोजन गरेको छु ।

२. आगामी आर्थिक वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्य सहित निर्माणाधिन ५ नं. वडा कार्यालयको भवन सम्पन्न हुने गरी र ३ नं. वडा कार्यालय भवन निर्माणका लागि आवश्यक साझेदारी गर्न बजेट विनियोजन गरेको छु ।

**<u>सामाजिक विकास</u>**

**स्वास्थ्यः**

१. स्वास्थ्य सम्बन्धी गुणस्तरीय सेवा प्रवाहका लागि मापदण्ड बमोजिमका पूर्वाधार निर्माण अन्तर्गत काँक्री स्वास्थ्य चौकीको भवन निर्माण सम्पन्न गर्न र महत स्वास्थ्य चौकीको भवन निर्माण सुरु गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२. स्वास्थ्य संस्थाहरुमा औषधी, उपकरण, द्रुत टिम, स्वास्थ्यकर्मीको पर्याप्त व्यवस्था तथा परिचालन, मार्फत आम गाउँपालिकाबासीको स्वास्थ्य सुविधामा सहज पहुँच कायम गर्न **मोवाईल स्वास्थ्य कार्यक्रम, टेलिमेडिसिन, आँखा चेकजाँच अभियान, बिषेशज्ञ सहितको एकिकृत घुम्ति शिविर, मानव एम्बुलेन्स** कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको प्रवन्ध मिलाएको छु ।

३. संघिय सरकारसँगको साझेदारीमा नियमित खोप सुदृढिकरण, विद्यालय केन्द्रित खोप अभियान, सरसफाइ प्रवर्द्धन कार्यक्रम, खोपबाट बचाउन सकिने रोगहरुको खोज पड्ताल तथा निगरानी, **पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्यक्रम** सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४. द्वन्द्व पीडित, अति विपन्न परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्ति र दीर्घ रोगीलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु । साथै अशक्त, असहाय र **७० वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई घरघरमै स्वास्थ्य सेवा र दीर्घ रोगीहरु, मानसिक रोगी लगायत महामारीको अवस्थामा औषधीको व्यवस्थापन गर्न औषधी खरिद कार्यका लागि बजेट विनियोजन गरेको छु।**

५. नसर्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि नसर्ने रोगसम्बन्धी स्क्रिनिङ तथा जनचेतना कार्यक्रम, नागरिक **आरोग्य सेवा केन्द्र, खुला व्यायामशाला निर्माण तथा** सञ्चालन तथा मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विपन्न विरामीहरुलाई मासिक औषधि उपचार खर्च गर्न आवश्यक बजेटको प्रवन्ध गरेको छु ।

६. संघ तथा प्रदेश सरकारले लिएको स्वास्थ्य सम्बन्धी नीतिलाई स्थानीयकरण गर्दै परिवार योजना सेवा, क्षयरोग नियन्त्रण कार्यक्रम, मातृ तथा नवशिशु कार्यक्रम, मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथाम कार्यक्रम, प्रजनन् रुग्णता, पूर्ण खोप तथा दिगोपना, महमारी रोग नियन्त्रण कार्यक्रम, खाद्य तथा पोषण कार्यक्रम, उपचारात्मक सेवा, नर्सिङ तथा सामाजिक सुरक्षा कार्यक्रम, स्वास्थ्य व्यवस्थापन कार्यक्रम, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम लगायत समग्र स्वास्थ्य कार्यक्रम तथा औषधितर्फ रु. रु ५ करोड ७६ लाख ५७ हजार विनियोजन गरेको छु ।

७. बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषण कार्यक्रम तथा पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन तथा सुनौलो हजार दिनका आमाहरुलाई पोषण सुधारका लागि आयआर्जन सुधार अनुदान सहित बहुक्षेत्रिय पोषण कार्यक्रम सञ्चालन गर्न रु. ३६ लाख विनियोजन गरेको छु ।

८. नेपाल सरकारको विशेष अनुदानमा पोषणमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालनका लागि रु. ८५ लाख विनियोजन गरेको छु।

**शिक्षाः**

१. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर, भौतिक व्यवस्थापन लगायत गुणस्तर सुधारका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन, सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थापनका

लागि अनुदान दिने प्रवन्ध गरेको छु । आधारभूत तथा माद्यामिक तहमा गणित विज्ञान अङ्ग्रेजी विषयको नतिजा सुधारका लागि शिक्षण सहयोग अनुदान दिने व्यवस्था मिलाएको छु ।

२. किशोर किशोरीहरुको प्रजनन स्वास्थ्य सेवा, सूचनामा पहुँच अभिवृद्धि गर्न विद्यालयहरुमा सूचना केन्द्र स्थापनालाई निरन्तरता र प्राथमिकता दिँदै सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याडको उपलब्धताका लागि आवश्यक बजेटको प्रवन्ध गरेको छु ।

३. प्रधानाध्यापकलाई प्रोत्साहन तथा थप जिम्मेवारी प्रदान गरी विद्यालयको प्रशासकीय र व्यवस्थापकीय सुधारका लागि सूचकका आधारमा नियमित अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरी विद्यालय शिक्षा सुधार परियोजनालाई व्यवस्थित गर्ने उद्देश्यले सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई हाल पाइरहेको सुविधालाई निरन्तरता दिन बजेटको व्यवस्था गरेको छु।

४. आवश्यकता र अनुकूलतामा आधारित स्थानीय पाठ्यक्रम विकास र निर्माण गर्न आवश्यक बजेटको व्यवस्था मिलाउनुका साथै पाठ्यपुस्तक छपाई गरी वितरण गर्ने व्यवस्था मिलाएको छु। साथै सामुदायिक विद्यालयको शैक्षिक सुशासन तथा गुणस्तरीय सिकाइ प्रवर्द्धनका लागि **विद्यालय शैक्षिक कार्यक्रम सञ्चालन, प्रविधिमैत्रि कक्षाकोठा निर्माण, आधारभुत सिकाइ प्रवर्द्धन कार्यक्रम र अनौपचारीक तथा परम्परागत शिक्षा** सञ्चालनका लागि आवश्यक प्रवन्ध मिलाएको छु ।प्रति विद्यार्थि लागतका आधारमा शिक्षण सिकाइ व्यवस्थापनका लागि अनुदान दिने व्यवस्था मिलाएको छु ।

५. आर्थिक अभावका कारण पनि व्यवसायिक उच्च शिक्षा हासिल गर्ने अवसरबाट बञ्चिति व्यहोर्नुपरेका मेधावी विद्यार्थीहरुलाई उच्च प्राविधिक र व्यवसायिक शिक्षा हासिल गर्नका लागि शैक्षिक ऋणलाई निरन्तरता दिँदै आधारभूत तहदेखि माध्यामिक तहसम्म गाउँपालिकाभित्रकै सामुदायिक विद्यालयमा अध्ययन गरेका मेधावी विद्यार्थीहरुलाई शैक्षिक कर्जा तथा छात्रवृत्तिको व्यवस्थाका लागि आवश्यक बजेटको प्रवन्ध गरेको छु ।

६. विद्यार्थीहरुको शारिरिक, मानसिक र संवेगात्मक विकासका लागि नियमित रुपमा सञ्चालन हुने भूमे रनिङ शिल्ड खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका गर्ने व्यवस्था मिलाएको छु ।

७. सामुदायिक विद्यालयमा सूचना प्रविधिको विकास र विस्तार गरी शैक्षिक गुणस्तर बृद्धिका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।सुरक्षित विद्यालय प्रभावकारी सिकाईका लागि विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा व्यवस्थापनमा साझेदारी गर्न बजेटको प्रवन्ध गरेको छु ।

८. सुरक्षित विद्यालयको अवधारणामा गुणस्तरीय शैक्षिक, भौतिक पूर्वाधार निर्माण तथा मर्मतका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।शिक्षक दरबन्दी मिलान गरी सामुदायिक विद्यालयहरुमा आवश्यक दरबन्दी नभई आम जनतामा पर्न गएको भार, शिक्षक अपुग भएर आवश्यक न्यूनतम् पाठ्यघण्टा समेत नपुग्ने अवस्थालाई मध्यनजर गर्दै आवश्यकता र औचित्यताका आधारमा संघीय शिक्षण सिकाइ अनुदान, स्थानीय शिक्षण सिकाई अनुदान, बालबिकास सहजकर्ता, विद्यालय सहयोगीको तलब भत्ता तथा पोषाक, भान्से अनुदान लगायत समग्र शिक्षा क्षेत्रतर्फ **रु १८ करोड ५३ लाख ३६ हजार** रकम विनियोजन गरेको छु ।

**यूवा तथा खेलकुदः**

१. पालिकाद्धारा आयोजना गरिने भूमे कप, गुरिल्ला म्याराथन, वडास्तरीय खेलकुद प्रतियोगिता तथा कार्यक्रमलाई व्यवस्थित गर्दै प्रतिभावान खेलाडी पहिचान, अभिलेखीकरण, क्षमता विकास तथा प्रोत्साहन गर्ने कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२. यूवाहरुको ज्ञान, सीप र क्षमतालाई सदुपयोग गर्ने खालका योजना तथा कार्यक्रमहरु मार्फत गाउँपालिकाको नीति तथा योजना तर्जुमा, विकास गतिविधि, ज्ञान सीप आदान प्रदान तथा हस्तान्तरणमा यूवा विकास केन्द्रको भूमिकालाई प्रभावकारी बनाउन यूवा विकास केन्द्रको पुर्नगठन, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

३. यूवाहरुलाई व्यावसायिक खेलकुद प्रति आकर्षित गर्न गाउँपालिकाभित्रका राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडिहरुलाई सम्मान गर्नुका साथै विपन्न खेलाडीहरुलाई प्रोत्साहन सहायता दिने व्यवस्था मिलाएको छु।

४. खेलकूद प्रतियोगिता सञ्लालन गरी खेलाडी पहिचान तथा खेलाडिको क्षमता विकासमार्फत राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरसम्म खेलाडीको पहुँच पुर्याउन वडा तथा पालिकास्तरमा खेलकुद पूर्वाधार निर्माण तथा स्तरोन्नती गरी खेल क्षेत्रको विकास गर्न तथा व्यवसायिक खेलकूद तालिम, खेल तथा खेलाडीका अनुभव आदानप्रदानका लागि अन्तर जिल्ला तथा अन्तर स्थानिय तह समन्वय तथा सहकार्यमा खेलकूद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका लागि यूवा तथा खेलकूदतर्फ **रु. ४४ लाख ४८ हजार** विनियोजन गरेको छु ।

**भाषा तथा सस्कृति**

१. स्थानीय भाषा, कला, संस्कृतिको पहिचान, अध्ययन, संवर्द्धन, संरक्षण, विकास र प्रचार प्रसारका कार्यक्रम सञ्चालन गरिनेछ । भूमे साँस्कृतिक महोत्सव प्रतियोगिता र वडास्तरीय मेला महोत्सव

सञ्चालनमार्फत परम्परागत भाषा, कला संस्कृति संरक्षण तथा संवर्द्धन र पुस्तान्तरणका लागि भाषा तथा संस्कृतितर्फ **रु. ४६ लाख ३० हजार** रकम विनियोजन गरेको छु।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

**१.** सामाजिक समावेशीकरण तथा लैङ्गिक हिंसा न्यूनीकरण नीति तर्जुमा गरी लैङ्गिक हिंसा तथा भेदभाव शून्यमा झार्ने नीति अङ्गीकार गर्दै लक्षित वर्गको खण्डिकृत तथ्याङ्क व्यवस्थापन गरी आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

**२.** महिला, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका र पिछडिएका वर्गको सशक्तिकरणका लागि **"लक्षित वर्गसँग उपाध्यक्ष कार्यक्रम"** सञ्चालन गरी वडास्तरसम्म सञ्जाल गठन गर्न आवश्यक प्रवन्ध गरेको छु ।

१. बालबालिकाको हकहित संरक्षणका साथै शारीरिक, मानसिक तथा संवेगात्मक लगायत हरेक क्षेत्रमा क्षमता विकासका लागि हरेक चरणमा अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्दै **बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा** कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

२. समाजमा रहेका बालश्रम, बालबिवाह, बहुविवाह, दाइजो, बोक्सी जस्ता हानिकारक अभ्यास र लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार, **लागु औषध दुर्व्यसनी विरुद्ध** सचेतनामूलक कार्यक्रम तथा अभियान सञ्चालन गर्नका लागि बजेटको व्यवस्था गरेको छु ।

३. ज्येष्ठ नागरिक मञ्च, अपाङ्गता भएका व्यक्तिहरुको सञ्जाल, बाल सञ्जाल, महिला सञ्जाल, उपेक्षित उत्पीडित वर्ग उत्थान सञ्जाल पुर्नगठन गरी उनीहरुको व्यक्तित्व विकास, नेतृत्व विकास र क्षमता विकास जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । **अपाङ्गता रोकथाम तथा पुनःस्थापना साझेदारी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।**

४. अतिविपन्न, अशक्त, ज्येष्ठ नागरिकहरुलाई सेवा शुल्क वापतको कुनै पनि रकम नलिने विगतको नीतिलाई निरन्तरता दिँदै **एकल महिला र अपाङ्गता भएका व्यक्तिहरुलाई फर्म तथा व्यवसाय दर्ता शुल्क पूर्ण छूट** दिने तथा उद्यमशील प्रवर्द्धनमा अनुदान दिने कार्यलाई निरन्तरता दिन आवश्यक प्रवन्ध मिलाएको छु।

५. द्धन्द्ध पिडित, सामाजिक रुपमा बहिष्करण र बञ्चितिकरणमा परेका व्यक्तिहरुको जीविकोपार्जन सुधारका सहायता प्रदान गर्न कोषको अभिबृद्धि र निरन्तरताका लागि आवश्यक प्रवन्ध गरेको छु ।साथै, मानव विकासको सूचकांकमा पछि परेका टोल, वस्ति र वडामा जिविकोपार्जन सुधार कार्यक्रम संचालन गर्न आवश्यक प्रवन्ध गरेको छु ।

६. विपन्न समुदायको सशक्तिकरण र क्षमता विकासको लागि सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा प्रवर्द्धनात्मक कार्यक्रममा जोड दिने र यस्ता वर्गहरुको सार्वजनिक निकायमा पहुँच अभिवृद्धि गर्न **निःशुल्क लोक सेवा आयोग, शिक्षक सेवा आयोग , कम्प्यूटर तयारी कक्षा र रेडियो कार्यक्रम सञ्चालन कार्यलाई** निरन्तरता दिने व्यवस्था गरेको छु ।

७. सबै किसिमका लैङ्गिक हिंसा न्यूनिकरण गर्न, हिंसाका सम्बन्धमा सचेतना वृद्धि गरी हिंसामुक्त गाउँपालिका निर्माणका लागि **लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान लगायत हिंसा विरुद्धका दिवश तथा अन्य दिवशीय कार्यक्रम** सञ्चालनका लागि बजेटको व्यवस्था गरेको छु ।

८. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको क्षेत्रमा गाउँपालिका र अन्तर्गतका वडाहरुबाट कार्यक्रमहरु सञ्चालन हुने गरी **कुल ९७ लाख ६४ हजार ५ सय** रुपैया विनियोजन गरेको छु ।

**खानेपानी तथा सरसफाई**

१. वास योजनाको प्राथमिकिकरण बमोजिम खानेपानी आयोजना निर्माण तथा सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२. खानेपानीको पहुँच नपुगेका टोल तथा वस्तिहरुमा एक घर एक धारा निर्माण अभियान अन्तर्गत वडा नं. ८ को नाम्फु वस्तिमा एक घर एक धारा निर्माण सम्पन्न गर्न, वडा नं. ६ को स्याला सुर्पा टोलमा खानेपानीको नयाँ आयोजना सुरु गर्न तथा गोर्खा वेलफेयर ट्रष्टसँगको सहकार्यमा भूमे गाउँपालिका वडा नं. ९ मा बुढागाउँ खानेपानी निर्माण योजना, चुनवाङ फापरडाँडा खानेपानी योजना,वडा नं. १ को गरबाङ्ग खानेपानी योजना र वडा नं. ३ को दाङलिका खानेपानी योजना सुरु गर्नका लागि बजेटको व्यवस्था गरेको छु ।

३. पूर्ण सरसफाईयुक्त वडा घोषणा भएका वडाहरुको दिगोपना कायम गर्दै थप वडालाई पूर्ण सरसफाईयुक्त वडा घोषणा गरी पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणा अभियान अन्तर्गत विद्यालयमा सफा शैचालय अभियान, स्वास्थ्य संस्था र सार्वजनिक स्थलमा वातावरणमैत्री शौचालय निर्माणका लागि बजेटको प्रवन्ध गरेको छु ।

४. विघना बस्तीमा ढल व्यवस्थापन आयोजना सञ्चालन गरी सबै वडामा फोहोरमैला व्यवस्थापनसम्बन्धी **नागरिक सचेतना** कार्यक्रम सञ्चालन गर्न प्रवन्ध मिलाएको छु ।

५. सुरक्षित खानेपानीको सुनिश्चितताका लागि पानीको शुद्धता परिक्षण, सरसफाई कार्ययोजना कार्यान्वयनका लागि सामाग्री खरिद लगायत खानेपानी तथा सरसफाईमा **रु १ करोड ३२ लाख ४९ हजार** विनियोजन गरेको छु ।

**सभाध्यक्षज्यू,**

**आर्थिक विकासः**

**कृषिः**

१. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने गरी कृषिमा विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, प्रविधिकरण र बजारीकरण गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

२. बढ्दो जलवायु परिवर्तनको जोखिमलाई मध्यनजर गर्दै जलवायु परिवर्तन अनकुलन तथा पर्यावरणीय कृषि प्रणालीमा आधारित **नमूना कृषि गाउँ कार्यक्रम**लाई निरन्तरता दिने व्यवस्था मिलाएको छु ।

३. माटो स्वास्थ्य सुधार कार्यक्रम अन्तर्गत माटो परिक्षण कार्य सञ्चालन गरी प्राप्त नतिजाका आधारमा माटो सुहाउँदो बाली लगाउने कार्यलाई प्रवर्द्धन गर्दै।बालिनालीमा लाग्न सक्ने रोगहरु (किरा, ) निदान तथा रोकथाम गरी **बाली संरक्षण** कार्यक्रम सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

४. कृषिको जैविक विविधता, कृषकको परम्परागत ज्ञान, सीप र प्रविधीको संरक्षण गर्दै हरेक वडामा रैथाने बालीको प्रवर्द्धन गर्नुका साथै गाउँपालिकालाई वीउ विजनमा आत्मनिर्भर बनाउन **सामुदायिक वीउ बैंक सदृढिकरण** कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु।

५. कृषि उत्पादनलाई पूर्ण रुपमा रसायनमुक्त, स्वस्थ अर्गानिक उत्पादनमा रुपान्तरण गरी अर्ग्यानिक प्रमाणीकरण गरी **ब्रान्डिङ तथा बजारीकरणका लागि आवश्यक प्रवन्ध गरेको छु**

६. कृषि व्यवसायमा हुन सक्ने हानी- नोक्सानीको क्षतिपूर्तिका लागि कृषि बीमा कार्यक्रम सञ्चालनका लागि संघीय र प्रदेश सरकारसँग साझेदारी गर्ने गरी बजेटको व्यवस्था गरेको छु ।प्राकृतिक प्रकोपबाट बालीनालीमा भएको क्षतीलाई पुनस्थापना गर्नको लागी सरोकारलाहरुसंगको सहाकार्य तथा साझेदारीमा **बस्तुगत अनुदान** दिने व्यवस्था मिलाएको छु ।

७. कृषि पेशामा संलग्न कृषकहरुको व्यवसायिक क्षमता अभिकृद्धि गर्न व्यावहारिक र उद्यमशीलता केन्द्रित तालिम, रेडियो शिक्षा कार्यक्रम, स्थलगत अवलोकन भ्रमण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ । व्यवसायिक कृषकहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न **उत्कृष्ट कृषक छनोट तथा सम्मान कार्यक्रम** सञ्चालन गर्न आवश्यक प्रवन्ध गरेको छु।

८. मारिङ एकीकृत कृषि अनुसन्धान केन्द्रलाई विउविजन स्रोत केन्द्रको रुपमा रुपान्तरण गर्न आलु स्रोत केन्द्रको स्थापना तथा संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९. वैदेशिक रोजगारबाट फर्केका, विपन्न समुदायका कृषि गर्न चाहने, व्यावसायिक योजना भएका व्यक्ति, फर्म तथा समूहलाई माग र आवश्यकताका आधारमा सुलभ ब्याजदरमा कृषि उद्यम कर्जा उपलब्ध गराउन **कृषि कर्जा कार्यक्रम** निरन्तरताका लागि बजेटको व्यवस्था गरेको छु ।

१०. गाउँपालिकाको पोषण अवस्था सुधारका लागि एक घर एक करेसाबारी, सामूहिक तरकारी खेती, फलफूल खेती, विद्यालय नर्सरी तथा करेसाबारी निर्माण जस्ता कार्यक्रमहरु सञ्चालनलाई **मागमा आधारित ५० प्रतिशत अनुदान कार्यक्रममा एकीकृत गरी नमूना बस्तीमा नमूना आय आर्जन** कार्यक्रमलाई आगामी बर्षमा निरन्तरता दिने व्यवस्था मिलाएको छु।

११. सफा र हरियालीः समृद्ध भूमे निर्माणका लागि ग्रीन करिडोर तथा फ्रुट करिडोर अवधारणालाई सार्थक बनाउन किसानहरुलाई **निःशुल्क बिरुवा वितरण गरी बृक्षारोपण कार्यक्रम** सञ्चालन निरन्तरताका लागि बजेट विनियोजन गरेको छु ।

१२. माटो तथा मल परीक्षण प्रयोगशालामा सबै किसानको सहज पहुंच कायम गरि माटो परीक्षणबाट प्राप्त नतिजा र सुझावका आधारमा **माटो सुहाउँदो बाली** लगाउने कार्यलाई प्रवर्द्धन गर्न आवश्यक व्यवस्था गरेको छु।

१३. मकै विउ उत्पादनमा आत्मनिर्भर हुँनका लागि **मकैको विउ उत्पादन कार्यक्रम** सञ्चालनका लागि बजटको व्यवस्था गरेको छु ।

**१४.** भूमे गाउँपालिकाको आर्थिक विकासको प्रमुख आधारको रुपमा रहेको कृषि क्षेत्रको सुधारका लागि कृषिमा विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरणमार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न तथा उच्च बालिवस्तुको पहिचान गर्न समग्र कृषि क्षेत्रमा रु. **९२ लाख ३५ हजार विनियोजन गरेको छु ।**

**पशुपालनः**

१. व्यावसायिक पशुपालन प्रवर्द्धनका लागि हरेक वडामा गुणस्तरीय घाँस स्रोत केन्द्र, हिउँदे तथा वर्षे घाँसबाली र डाले घाँस नर्सरी स्थापनाका लागि निःशुल्क घाँसको बीउ तथा बिरुवा वितरण कार्यक्रम निरन्तरताको व्यवस्था मिलाएको छु।

२. **"स्वस्थ पशु स्वस्थ पशुजन्य उत्पादन"** मूल नाराका साथ पोषणयुक्त पशु आहार निर्माण तालिम, निःशुल्क औषधि वितरण, भ्याक्सिनेशन तथा महामारी रोग नियन्त्रण, **वातावरणमैत्री गोठ, खोर**

**निर्माण** लगायतका कार्यक्रम सञ्चालन गरी पशुपालन व्यवसाय सुधार गर्न बजेटको व्यवस्था गरेको छु।

३. साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमलाई निरन्तरता दिई पशु नश्ल सुधार, कृत्रिम प्रजनन केन्द्र र ल्याब सञ्चालन कार्यलाई व्यवस्थित गर्ने प्रवन्ध गरेको छु।

४. भेटनरी सम्बन्धी सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक सामाग्रीहरु खरिद, खोप सुदृढिकरण, रोग नियन्त्रण तथा उपचार लगायतका कार्यक्रम सञ्चालन गर्न पशुसेवातर्फ कुल रु. **६९ लाख ७५ हजार** विनयोजन गरेको छु ।

**उद्योग तथा वाणिज्यः**

१. व्यवसायिक सीप विकासमार्फत् पहिचान भएका उद्यमीहरुलाई प्राविधिक सहयोग तथा उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्न, लघुउद्यमीहरुको स्तरउन्नतीका लागि आवश्यकता र पहिचानका आधारमा पुर्नताजगी र एडभान्स सीप विकास तालिम र प्रविधि हस्तान्तरण गर्न लघु उधमविकास कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु ।

२. शहिद धनमाया श्रेष्ठ महिला उद्यमशीलता प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिई **मागमा आधारित अनुदान तथा उद्यम प्रवर्द्धन कार्यक्रम** सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

**सहकारीः**

१. सहकारीको नियमन तथा सहजीकरण कार्यलाई प्रभावकारी बनाई समान उद्देश्य र कार्यक्षेत्र भएका सहकारीबीच एकीकरण, कमजोर सहकारीलाई सबलिकरण, निष्क्रिय सहकारी खारेजी र उत्पादनमूलक सहकारीहरुको क्षमता विकास गर्ने व्यवस्था गरिनेछ ।

२. बैंक तथा वित्तीय संस्था, सहकारी तथा साझेदार संस्थाहरुसँगको सहकार्यमा भूमे गाउँपालिकाका विभिन्न वडा तथा टोलहरुमा सञ्चालन भएको **डिजिटल वित्तीय साक्षरता कार्यक्रमलाई** सुदृढ गरी कार्यान्वयन गर्ने व्यवस्था गरेको छु ।

**श्रम र रोजगारीः**

१. रोजगार सेवा केन्द्रलाई सुदृढ गरी बजारको माग अनुसार श्रमिक आपूर्ति गर्ने माध्यमको रुपमा विकास गरी समुदायस्तरमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी परामर्श, डिजिटल श्रम तथा रोजगार सम्बन्धी सेवा प्रदान गर्ने व्यवस्था मिलाएको छु । रोजगारी सिर्जना एव प्रवर्द्धन सम्बन्धी सरोकारवालसँग रणनीतिक संवाद तथा छलफल कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

**२.** वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको ज्ञान, सीप र पूँजीलाई परिचालन गरी उद्यम विकास र रोजगारीमा संलग्न गराइ **उद्यमशिलता प्रवर्द्धन कार्यक्रम** सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ।

३. युवा जनशक्तिलाई श्रम बजारमा सहज पँहुच कायम गर्न अबसरहरुको पहिचान, सूचना प्रवाह तथा रोजगार लिंकेज, सिप बिकास तालिम, क्षमता बिकास तालिम, रोजगार परामर्श तथा रेफरल सेवा प्रदान गर्ने व्यवस्था मिलाएको छ।

**४. राष्ट्रिय रोजगार प्रवर्द्धन** कार्यक्रमले निर्दिष्ट गरे बमोजिम उत्पादन र उद्यमशीलतामार्फत **रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी सिर्जना तथा न्युनतम रोजगारी प्रत्याभुति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनः एकीकरण सम्बन्धी क्रियाकलापमा सत प्रतिशत स्थानीय साझेदारी** गर्न बजेट विनियोजन गरेको छ।

**पर्यटनः**

१. पर्यटन गुरुयोजना बमोजिम ऐतिहासिक, सास्कृतिक, भौगोलिक र धार्मिक पर्यटकीय क्षेत्रहरुको पूर्वाधार निर्माण गरी विकास, संरक्षण र प्रवर्द्धनका लागि आवश्यक प्रवन्ध मिलाएको छ ।

२. भेरी डाँडा शान्ति संग्रहालय चुनबाङ, महत युद्ध फिचर, चौरी लेक, मारिङ लेक, गोन्टे झरना, पातिहाल्ने, गुरिल्ला पदमार्गको प्रचारप्रसार, विकास, संरक्षण र प्रवर्द्धन तथा कृषि पर्यटन, पर्यापर्यटन र युद्ध पर्यटन विकासमा सहयोग पुग्ने खालका कार्यक्रमहरु सञ्चालन गर्ने प्रवन्ध मिलाएको छ ।

**पूर्वाधार विकास**

१. सडक गुरुयोजना बमोजिम सडक पूर्वाधारलाई प्राथमिकतामा राखी गाउँपालिकाका सबै वस्तिहरु सडक सञ्जालमा जोड्न रिङरोड, लिङ्क रोड र कृषि सडकहरु निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ । **खावाङवगर र महत जोड्ने सडक स्तरोन्नतिका** लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

२. सडक यातायातलाई निरन्तर सञ्चालनको सुनिश्चितता, सुरक्षित सडक यातायात तथा पूर्वाधार एम्बुलेन्स गर्न सञ्चालनका लागि **मर्मत सम्भार कोषमा प्रर्याप्त रकमको** व्यवस्था गरेको छ ।

३. झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमतर्फ वडा नं. ५ स्थित **मछैना झोलुङ्गे** पुल, वडा नं. ३ स्थित **कुनपानी बछाखोरिया झोलुङ्गे पुल** र वडा नं. १ स्थित पञ्चासे ट्रस ब्रिज निर्माणका लागि बजेट विनियोजन गरेको छ।

४. सुरक्षित नागरिक आवास, विपद् जोखिमयुक्त छाना विस्थापन र जनता आवास कार्यक्रम सञ्चालन गरी घरबारविहीन, अतिविपन्न तथा फुसको छाना भएका परिवारको **सुरक्षित आवासको हक** लाई सुनिश्चितता गर्न स्रोतको प्रवन्ध गरेको छु ।

५. सामाजिक, साँस्कृतिक तथा ऐतिहासिक पहिचान नमेटिने गरी ग्रामीण वस्तिलाई व्यवस्थित बसोबासयुक्त गतिशील शहरमा रुपान्तरण गर्न शहरी विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड स्थानीय परिवेशका आधारमा निर्माण गरी भवन निर्माण नक्सा पूर्वस्वीकृति कडाइका साथ कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

६. केन्द्रीय प्रसारण लाइनको पहुँच नपुगेका वडा नं. ७ र ९ मा नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा विद्युत् पहुँच विस्तार कार्य गर्न पहल गरेको छु । गाउँपालिकाभित्र सञ्चलानमा रहेका लघु तथा साना जलविद्युत आयोजनाको मर्मतसम्भार र व्यवस्थित सञ्चालन गरी केन्द्रीय प्रसारण लाइनमा जोड्न पहल गर्ने व्यवस्था गरेको छु।

७. धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक पूर्वाधारहरुको अभिलेखीकरण गरी व्यवस्थित निर्माण तथा संरक्षण र सदुपयोगका लागि गुरुयोजना तथा विस्तृत परियोजना प्रतिवेदन गर्ने कार्य अगाडी बढाइनेछ ।सम्पदा पूर्वाधारको संरक्षण तथा निर्माणमा अन्तरआवद्धता हुने गरी मापदण्ड तथा प्रारुप तयार गरी क्रमशः कार्यान्वयन गर्नका रकमको व्यवस्था गरेको छु ।

८. गाउँपालिकाको डिजिटल रणनीति अनुसार साझेदार निकायहरुसँगको सहकार्यमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधार निर्माण तथा पहुँच विस्तार गरी डिजिटल गाउँपालिका निर्माणको कार्यलाई निरन्तरता दिन आवश्यक प्रवन्ध गरेको छु।

**वन, वातावरण तथा विपद व्यवस्थापनः**

१. संघीय र प्रदेश सरकारसंगको साझेदारीमा वन संरक्षण, व्यवस्थापन, दिगो उपभोग र स्वच्छ वातावरणका लागि समुदायमा आधारित वन व्यवस्थापन प्रणाली सुदृढीकरणका लागि कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छु । **वातवारणमैत्री स्थानीय तह घोषणाकाका** लागि आवश्यक प्रवन्ध गरेको छु।

२. सामुदायिक वन संरक्षण तथा उपयोगमा स्थानीय समुदायको परिचालन तथा अपनत्व सिर्जना गर्ने खालका क्षमता विकास कार्यक्रम गर्न सामुदायिक वन उपभोक्ता समितिलाई परिचालन तथा अभिमुखीकरण गर्न आवश्यक प्रवन्ध मिलाएको छु ।

३. वन क्षेत्रको वैज्ञानिक एवं दिगो व्यवस्थापन गरी वनजन्य उत्पादन अभिवृद्धिमा टेवा पुऱ्याइनेछ। सामुदायिक वन विकास कार्यक्रम, निजी वन विकास कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन

गर्न र वन क्षेत्रको विस्तारका लागि  पर्ती जग्गा, झाडी बुट्यान र वन नभएका क्षेत्रमा बृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छु ।

४. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना र जलवायु परिवर्तन स्थानीय अनुकूलन योजना तथा कार्यक्रम सञ्चालन गर्ने प्रवन्ध गरेको छु। विपद पश्चातको खोज, उद्धार, राहत, पुनर्स्थापना कार्यलाई योजनावद्ध व्यवस्थित गर्न पालिका तथा समुदायस्तरसम्म द्रुत प्रतिकार्य टोलीलाई आवश्यक सामग्री सहित तयारी अवस्थामा राखिनुका साथै स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रलाई सुदृढीकरण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५. प्राकृतिक तथा मानवीय जोखिम न्यूनीकरणका लागि विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्न विकास साझेदार संस्थाहरुको सहकार्यमा **स्थापित पूर्वसूचना प्रणालीलाई** प्रभावकारी रुपमा संचालन गर्ने व्यवस्था मिलाएको छु ।

६. विपद् व्यवस्थापनका लागि चाहिने सामाग्री खरिद तथा वडास्तर र पालिकास्तरमा सञ्चालन हुने विपद जोखिम न्यूनिकरण तथा प्रतिकार्य योजना तथा कार्यक्रम तथा विपद व्यवस्थापन कोषको सुदृढिकरणका लागि विपद व्यवस्थापनतर्फ **कुल रु. ४२ लाख ४४ हजार** विनियोजन गरेको छु ।

## सुशासन तथा संस्थागत विकास

१. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेसागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लग्नुका साथै जनताको नजिकमा सरकारको अनुभूति दिलाउन वडा कार्यालयबाट प्रवाह हुने सेवा सुविधालाई छिटो छरितो र व्यवस्थित बनाई सरल र सुशासनयुक्त बनाउन आवश्यक व्यवस्था मिलाएको छु।

2. सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी, प्रविधिमैत्री र फेसलेस बनाउन विधुतीय हाजिरी सिफारिस प्रणाली, आयोजना व्यवस्थापन प्रणाली, सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको बायोमेट्रिक भेरिफिकेसन, PAMS, SuTRA, IEMIS, EHMIS, e-GP जस्ता प्रणालिहरुको पूर्ण रुपमा प्रयोग गर्ने व्यवस्था मिलाएको छु ।

3. आवाधिक प्रगति सार्वजनिकीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परीक्षण, गुनासो व्यवस्थापनमा नविनतम प्रवृत्तिको प्रयोग मार्फत नागरिकको सुसुचित हुने अधिकार सुनिश्तित गर्ने व्यवस्था मिलाएको छु ।

४. वडा कार्यालय, स्वास्थ्य संस्थाबाट सम्पादन भएका सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माण सम्बन्धी कार्यको नियमित रुपमा मासिक प्रगति प्रतिवेदन पेश गर्ने व्यवस्थालाई निरन्तरता दिएको छु ।

५. गुणस्तरीय र प्रभावकारी कार्यान्वयन मार्फत दिगो र प्रतिफलमुखी आयोजना निर्माणका लागि कार्यान्वयन दक्षता अभिबृद्धि गर्न उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण साथै प्रभावकारी र जवाफदेही अनुगमनको व्यवस्थाका लागि बजेट विनियोजन गरेको छु।

**मानव संशाधन तथा क्षमता विकासः**

१) सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन जनप्रतिनिधि र कर्मचारीमा व्यावसायिकता प्रवर्द्धन गरी कर्मचारीलाई प्रोत्साहन, पुरस्कार तथा क्षमता विकास गर्ने कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक प्रवन्ध गरेको छु । कार्यालय र जनशक्तिका लागि चाहिने साधन र स्रोत अभाव हुन नदिने व्यवस्था मिलाएको छु।

२) राष्ट्रसेवक कर्मचारीहरुको मनोबल वृद्धि गर्न र प्राविधिक तथा अन्य कर्मचारी र शिक्षकको क्षमता बृद्धि गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन, कामसँग सम्बन्धित विषयमा अभिमुखीकरण, तालिम लगायत कर्मचारीहरुको क्षमता विकास, अध्ययन भ्रमण, सीप विकास जस्ता क्षेत्रमा बजेट व्यवस्था गरेको छु ।

३) संघ, प्रदेश र स्थानीय तहले गरेका राम्रा अभ्यासबाट ज्ञान आर्जन हुने खालका अध्ययन, अवलोकन भ्रमण कार्यक्रमहरुका लागि बजेटको व्यवस्था गरेको छ ।

४) सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुको पारिश्रमिक बृद्धिका सम्बन्धमा संघीय तथा प्रदेश सरकारको व्यवस्था अनुसार बजेटको प्रवन्ध गरेको छु । गाउँपालिका अन्तर्गतका सम्पुर्ण करार, ज्यालादारीमा कार्यरत कर्मचारी तथा शिक्षकहरुको न्युनतम पारिश्रमिक कायम गर्न र सामाजिक सुरक्षाकोषमा आबद्ध गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**कानून न्याय तथा असल समाजः**

१) न्यायिक समितिको कार्यप्रक्रिया, न्यायिक निरुपण तथा मेलमिलाप प्रवर्द्धन गर्न, विवाद समाधानमार्फत पिडितलाई न्यायको अनुभूति गराउन न्यायिक समिति, मेलमिलाप केन्द्र गठन, परिचालन र न्यायिक समितिका पदाधिकारीहरु र मेलमिलापकर्तालाई अभिमुखिकरण, न्यायिक निरुपण सम्बन्धी सरोकारवालासँग अन्तरक्रिया गरी सद्भावयुक्त समाज निर्माण गर्न न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरुको क्षमता विकास र सबलीकरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**राजश्वः**

१) गाँउपालिका क्षेत्र भित्रका सम्पूर्ण करदाताहरुलाई सरोकारवालाहरुसंगको समन्वयमा करदाता शिक्षा तथा सचेतनासम्बन्धी कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

## भूमे गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को वार्षिक बजेट वक्तव्य

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८३/०८४ को बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना देहाय बमोजिम रहेको छ। आर्थिक वर्ष २०८३/०८४ का लागि रू. ५० करोड ८ लाख ७५ हजार ४ सय ३० रुपैयाँ विनियोजन गरिएको छ। कुल विनियोजनमध्ये चालुतर्फ रु. ३४ करोड ६० लाख १८ हजार ४ सय ३० रुपैयाँ मात्र अर्थात ६९ दशमलब ०८ प्रतिशत, पूँजीगततर्फ रु. १५ करोड ४८ लाख ५७ हजार रुपैया मात्र अर्थात ३० दशमलब ९१ प्रतिशत प्रतिशत रहेको छ।

आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरुमध्ये आन्तरिक राजश्वबाट रू. ७७ लाख ७१ हजार ४ सय ३० रुपैयाँ, राजस्व बाँडफाँड बाट रु. १२ करोड ३५ लाख १ हजार रुपैयाँ तथा गत वर्षको अनुमानित मौज्दात रु. १ करोड ५० लाख रुपैयाँ गरी आन्तरिक आयबाट जम्मा रु. १४ करोड ६२ लाख ७२ हजार ४ सय ३० रुपैयाँ अर्थात २९ दसमलव २० प्रतिशत, वित्तीय समानीकरण अनुदानबाट रू. १२ करोड १९ लाख ३ हजार अर्थात् २४ दसमलव ३३ प्रतिशत, सःशर्त अनुदानबाट रू. २० करोड ४० लाख अर्थात् ४० दशमलव ७२ प्रतिशत, समपुरक अनुदानबाट रु. १ करोड ८० लाख अर्थात ३ दशमलव ६० प्रतिशत, विशेष अनुदानबाट रु १ करोड ७ लाख अर्थात २ दशमलव ३१ प्रतिशत स्रोत व्यहोरिनेछ।

आर्थिक वर्ष २०८३/०८४ का लागि गैरसरकारी संस्थाहरुको वार्षिक कार्यक्रम सहित प्राप्त बजेटलाई गाउँपालिकाको वार्षिक विकास कार्यक्रममा समावेश गरी प्रकाशन गर्ने व्यवस्था मिलाएको छु ।

**अध्यक्ष महोदय तथा गाउँसभा सदस्यहरु,**

नागरिकका असिमित आवश्यकता र चाहना तर पालिकासँग सिमित स्रोत साधनको उपलब्धताका कारण यो बजेटमा धेरै योजना र कार्यक्रमहरु समेटन् सकिएको छैन तथापी सबै क्षेत्र र भुगोललाई समेटी बजेट प्रस्तुत गर्ने प्रयत्न गरेको छु । आगामी दिनहरुमा नागरिकको बृहत्तर हितलाई ध्यानमा राखेर कार्य गर्न पालिका सधै प्रयत्नशिल रहने छ भन्ने विश्वास दिलाउन चाहान्छु ।

अन्त्यमा, यो बजेट तर्जुमाका क्रममा प्रत्यक्षरुपमा सल्लाह, सुझाव तथा मार्गदर्शन प्रदान गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, सम्पूर्ण वडाका वडाध्यक्षज्यूहरु लगायत सम्पूर्ण पदाधिकारीज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक वर्ग, बुद्धिजीवि वर्ग, नागरिक समाज तथा सामुदायिक संघसंस्था सबैप्रति आभार व्यक्त गर्दछु।बजेट तर्जुमाको क्रममा प्राप्त भए जस्तो सहयोग र सद्भाव प्रभावकारी कार्यान्वयनमा पनि रहने विश्वास लिएको छु। धन्यवाद! नमस्कार ।

**सविना बुढा, उपाध्यक्ष**
**संयोजकः बजेट तथा कार्यक्रम तर्जुमा समिति**
**मिति २०८३ साल असार १० गते**